# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२ ] काठमाडौं, वैशाख २८ गते २०१९ साल [ अतिरिक्ताङ्क २ (ग)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१९ सालको ऐन नं. १.

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फील्डमार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

### इण्डो नेपाल औद्योगिक कर्पोरेशनको गठन र व्यवस्था गर्न बनेको ऐन

<u>प्रस्तावना</u>:–नेपाल अधिराज्यमा सूतीको कपडा थानहरू उत्पादन गर्नको निमित्त एक बुनाइ कारखाना चलाउने र उद्योग, कृषि र वाणिज्य सम्बन्धी अरू व्यवसाय चलाउने प्रयोजनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

निमित्त भारत, कलकत्ता नं. १५ इण्डिया एक्सचेंज प्लेस, को बिरला ब्रदर्स प्राइवेट लिमिटेड्को निवेदन अनुसार एक कर्पोरेशनको गठन र व्यवस्था गर्ने गरी सन् १९६१, अगष्ट २१ तारीखका दिन श्री ५ को सरकार र उक्त कम्पनीको बीचमा समझौता भएको,

र उक्त कम्पनीका संस्थापक डाइरेक्टरहरू श्री बी.के. बिरला र श्री एस.एन. हाडाले श्री ५ मा एक नम्र निवेदनपत्र चढाएको र सो निवेदनपत्रबाट नेपाल अधिराज्यमा सूतीको कपडा थानहरू उत्पादन गर्नको निमित्त एक बुनाइ कारखाना चलाउने र उद्योग, कृषि, र वाणिज्य सम्बन्धी अरू व्यवसाय चलाउने प्रयोजनको निमित्त एक कर्पोरेशन खडा गर्ने र सो कर्पोरेशनलाई चाहिने सबै कुरा पुऱ्याउने प्रयोजनको निमित्त इण्डो–नेपाल औद्योगिक कर्पोरेशन नामको एक कर्पोरेशनको गठन र व्यवस्था गर्न निवेदकहरूले मञ्जूर गरेको र त्यसको लागि उपयुक्त पूंजी उठाउन र लगानी गर्न मञ्जूर गरेको,

र उक्त प्रस्तावित व्यवसायले व्यापार तथा वाणिज्यको ठूलो हित हुने र उपरोक्त उद्देश्य-हरूको पूर्तिको लागि मुलुकका अरू कम्पनीहरूलाईभन्दा अधिक अधिकार र सुविधाहरू दिई एक विशेष ऐनद्वारा कर्पोरेशनको गठन र व्यवस्था गरेमा उक्त प्रस्तावित व्यवसायलाई ठूलो सफलता प्राप्त हुने भन्ने उक्त निवेदकहरूको निवेदन भएको र उपरोक्त उद्देश्यहरूको पूर्तिको निमित्त छुट्टै एउटा विशेष ऐन बनाउन उपयुक्त भएकोले,

र नेपालका नागरिकहरूको आर्थिक हित एवं सुविधाको लागि एक विशेष ऐनद्वारा विशेष अधिकार र सुविधाहरू प्राप्त एक इण्डो–नेपाल औद्योगिक कर्पोरेशनको गठन र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद––१

### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः–(१) यस ऐनको नाम "इण्डो–नेपाल औद्योगिक कर्पोरेशन ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः–विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "कर्पोरेशन" भन्नाले यो ऐन बमोजिम गठित इण्डो–नेपाल औद्योगिक कर्पोरेशन सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "विशेष प्रस्ताव" भन्नाले कर्पोरेशनको साधारण सभामा पक्षमा सदस्यहरूले दिएका मतहरूको जम्मा संख्या विपक्षमा (यदि विपक्षमा पनि मत दिइएको भए) मत दिन पाउने एवं मत दिने सदस्यहरूले दिएका मतहरूको जम्मा संख्याको कमसेकम तीन दोबर भएको प्रस्ताव सम्झनुपर्छ।

(ग) "साधारण प्रस्ताव" भन्नाले कर्पोरेशनको साधारण सभामा पक्षमा सदस्यहरूले दिएका मतहरूको जम्मा संख्या विपक्षमा (यदि विपक्षमा पनि मत दिइएको भए) मत दिन पाउने एवं मत दिने सदस्यहरूले दिएका मतहरूको जम्मा संख्याभन्दा बढेको सम्झनुपर्छ।

(घ) "डाइरेक्टर" भन्नाले कर्पोरेशनको तत्कालको डाइरेक्टर सम्झनुपर्छ।

(ङ) "मैनेजिंग एजेन्ट" भन्नाले कर्पोरेशनको तत्कालको मैनेजिंग एजेंट सम्झनुपर्छ।

(च) "अफिस" भन्नाले कर्पोरेशनको अफिस सम्झनुपर्छ।

(छ) "रजिष्टार" भन्नाले कर्पोरेशनमा रहने सदस्यहरूको रजिष्टर सम्झनुपर्छ।

(ज) "श्री ५ को सरकारको संबन्धित विभाग" भन्नाले श्री ५ को सरकारको उद्योग विभाग सम्झनुपर्छ।

(झ) "लाभांश" भन्नाले बोनसलाई समेत जनाउंछ।

(ञ) "प्रकसी" भन्नाले रीतपूर्वक मुकरर गरिएको प्रतिनिधिलाई समेत जनाउंछ।

(ट) "नेपाल" भन्नाले नेपाल अधिराज्य सम्झनुपर्छ।

(ठ) "बिरला कम्पनी" भन्नाले भारत, कलकत्ता, नं. १५ इण्डिया एक्सचेंज प्लेसको बिरला ब्रदर्स प्राइवेट लिमिटेड् सम्झनुपर्छ।

(ड) "बोर्ड" भन्नाले कर्पोरेशनको डाइरेक्टरहरूको बोर्ड सम्झनुपर्छ।

(ढ) "सदस्य" भन्नाले कर्पोरेशनको एक वा एकभन्दा बढी शेयर खरीद गर्ने व्यक्ति सम्झनुपर्छ।

(ण) "शेयर" भन्नाले कर्पोरेशनको शेयर पूंजीको खास खास मूल्य र संख्यामा विभाजित गरिएको शेयर सम्झनुपर्छ।

(त) "नियमावली" भन्नाले यस ऐन अन्तर्गत बनेको कर्पोरेशनको नियमावली सम्झनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## परिच्छेद–२

### संस्थापन, पूंजी र अरू व्यवस्था

३. कर्पोरेशनको संस्थापनः–(१) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि संस्थापन हुनेगरी नेपालमा इण्डो–नेपाल औद्योगिक कर्पोरेशन नामको एक कर्पोरेशन रहनेछ ।

(२) कर्पोरेशन अनवच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ । यसको सबै कामको निमित्त आपनो एउटा छुट्टै छाप हुनेछ । सो छाप यसले चाहेको बखत आफूले चाहे बमोजिम अदल बदल वा हेरफेर हुन सक्नेछ । कर्पोरेशनले नेपालमा वा विदेशमा कर्पोरेशनको कारोवार चलाउन (अरू प्रयोजनको निमित्त होइन) आवश्यक वा सुविधा-जनक हुने घर जग्गा र अरू अचल सम्पत्ति प्राप्त गर्न र भोग गर्न सक्नेछ । अदालतहरूमा यसले आपनो नामबाट नालेश उजूर गर्न र यस उपर पनि सोही नामबाट नालेश उजूर लाग्न सक्छ ।

तर कर्पोरेशनले यो ऐन अन्तर्गत जुनसुकै प्रकारबाट नेपालमा प्राप्त गरेको घर जग्गा र अरू अचल सम्पत्तिलाई श्री ५ को सरकारको स्वीकृति विना नेपाली नागरिक बाहेक अरू कसैलाई बेचविखन दानदातव्य उपहार वा अरू जुनसुकै तरीकाबाट हक छाडी दिनु हुँदैन । श्री ५ को सरकारको स्वीकृति विना त्यसरी हक छाडी दिए लिएको भए पनि बदर हुनेछ ।

(३) कर्पोरेशनको प्रधान अफिस नेपालभित्र रहनेछ ।

४. पूंजीः–(१) कर्पोरेशनको अधिकृत शेयर पूंजी ने.रू. ३००,००,०००तीन करोडको हुनेछ । सो रकमलाई ने.रू. २०।२० बीस बीसको १०,००,००० दश लाख साधारण शेयरहरू र ने.रू. २००।२०० दुईसय दुईसयको ५०,००० पचास हजार प्रेफरेन्स शेयरहरूमा विभाजित गरिनेछ ।

(२) कर्पोरेशनको अधिकृत शेयर पूंजीमा कर्पोरेशनले थप घट गर्न सक्नेछ । तर पूंजी थप गर्दा श्री ५ को सरकारको संबन्धित विभागको स्वीकृति लिनुपर्नेछ । शेयर पूंजीको अंशको रूपमा वा अरू नयां रूपमा प्रेफरेन्सियल वा अरू हक भएका विभिन्न श्रेणीका शेयरहरू निष्काशन गर्न सक्नेछ ।

५. ऋण लिने अधिकारः–कर्पोरेशनले नियमावलीमा उल्लेख भए बमोजिम ऋण लिन सक्नेछ ।

६. कर्पोरेशनलाई दिइने हक, स्वतन्त्रता, सुविधा र छुटहरूः–प्रचलित नेपाल कानूनमा जुनसुकै कुराहरू लेखिएको भए तापनि कर्पोरेशनलाई निम्नलिखित हक, स्वतन्त्रता, सुविधा र छुटहरू दिइनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कर्पोरेशनले कारखानाबाट उत्पादनको काम शुरू गरेको मितिले १२ वर्षसम्म सो कारखानाबाट उठाउने आम्दानीमा श्री ५ को सरकारबाट कुनै किसिमको आयकर लिइनेछैन ।

(ख) कर्पोरेशनको उत्पादनमा उत्पादनको काम शुरू भएको मितिले ८ वर्षसम्म श्री ५ को सरकारकाबाट अन्तःशुल्क वा त्यस्तै अरू कुनै कर लिइनेछैन ।

(ग) कर्पोरेशनले हरेक साल विदेशका आफ्ना शेयर होल्डरहरूलाई लाभांश, बोनस, ब्याज, बोनस शेयर र अरू हक भएका शेयरहरू दिन र त्यस्तै म्यानेजमेण्ट फी र म्यानेजिंग एजेण्ट कमिशन पनि दिन र पठाउन पाउनेछ ।

(घ) विदेशबाट नियुक्त गरिएका कर्पोरेशनका कर्मचारीहरूले आफ्नो आयको बचत रकम विदेशमा रहेका आफ्नो परिवारलाई पठाउन पाउनेछ ।

(ङ) कर्पोरेशनमा कोष लगानी गरी राखेका कर्पोरेशनका विदेशी शेयर होल्डरहरूले कर्पोरेशनमा गरेको लगानीको बिक्रीबाट आएको रकम विदेशमा लैजान पाउनेछन् ।

(च) कर्पोरेशनले आफ्नो कामको लागि श्री ५ को सरकारले इजाजत दिएका कुनै नदी, खोला, वा झर्नाबाट पानी लिन सक्नेछ र यस बापत श्री ५ को सरकारबाट कुनै किसिमको कर, दस्तूर पोत किराया वा अरू कुनै किसिमको रकम लगाइने र लिइनेछैन र कर्पोरेशनले आफ्नो काम गर्दा उत्पन्न भएका फोहोर सर्वसाधारण जनताको स्वास्थ्यलाई हानि नपुग्ने गरी कुनै नदी वा खोलामा फाल्न पाउनेछ ।

(छ) कर्पोरेशनका कारखानाहरूलाई श्री ५ को सरकारबाट ४१ वर्षसम्म राष्ट्रियकरण गरिनेछैन । त्यसपछि सार्वजनिक हितको अति महत्वपूर्ण कारण परी राष्ट्रियकरण गर्नुपर्ने हुन आएमा मूल्य वृद्धिसमेतको पूरा पूरा क्षतिपूर्ति दिनेगरीमात्र राष्ट्रियकरण गरिनेछ ।

(ज) मैनेजिंग एजेंसी कमिशन र फिमा डबल टैक्सेशन बारे नेपाल भारतको बीच सम्झौता भई डबल टैक्सेशन लाग्ने अवस्था नहटेसम्म आयकर लिइनेछैन ।

(झ) मीलले उत्पादन शुरू गरेको मितिले १२ वर्षसम्म कर्पोरेशनको आय अथवा कर्पोरेशनले आफ्नो शेयर होल्डरहरूलाई दिने डिविडेण्ट, बोनस, ब्याज, बोनस शेयर र अरू हक भएका शेयरहरूमा र भारतमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अथवा अरू मुलुकमा शेयर होल्डरहरूलाई पठाउने नगद अथवा जिन्सी आयमा आयकर लिइनेछैन ।

(ञ) मीलको कामलाई विदेशबाट ल्याइएका टेक्निसियनहरूलाई आय कर सुविधा दिइने छ ।

(ट) कर्पोरेशनलाई १२ वर्षसम्म सम्पत्ति कर (शहरी क्षेत्रको घर जग्गामा कर र विदेशी लगानीमा कर) लाग्ने छैन ।

(ठ) वर्तमान र भविष्यमा समेत उद्योगहरूलाई दिइआएको र दिन सकिने सबै सुविधा, छुट र हितहरू श्री ५ को सरकारबाट कर्पोरेशनलाई दिइने छ ।

७. रोयाल्टीः–कर्पोरेशनले दश वर्षसम्म हरेक सालको ने.रू. २५,००० पच्चीस हजारको दरले श्री ५ को सरकारलाई रोयाल्टी बुझाउनु पर्नेछ । प्रथम सालको रोयाल्टी कर्पोरेशन संस्थापन भएको मितिले एक वर्ष भुक्तान हुने बित्तिकै बुझाउनु पर्नेछ ।

८. कर्पोरेशनको दायित्व सीमित हुनेः– कर्पोरेशनको ऋण, ठेक्का पट्टा र दायित्वहरूमा बोर्डका डाइरेक्टरहरू र कर्पोरेशनका शेयर होल्डरहरूको व्यक्तिगत दायित्व रहनेछ । तर त्यस्तो व्यक्तिगत दायित्व कर्पोरेशनको शेयरमा निजको तत्काल तिर्न बाँकी कुनै रकम भए सो रकमसम्मकोमात्र रहने छ । सोभन्दा बढी दायित्व निजहरूले धरधरानाबाट बेहोर्नु पर्नेछैन ।

९. कर्पोरेशनले चलाउन सक्ने व्यवसायः– कर्पोरेशनले यस ऐनको अधीनमा रही देहायका व्यवसायहरू चलाउन सक्ने छः–

(क) नेपाल अधिराज्यमा एक टेक्सटाइल मील र सो मील सम्बन्धी उद्योग खडा गरी सूती कपडा थानहरू उत्पादन गर्ने र समय समयमा श्री ५ को सरकार-को सम्बन्धित विभागबाट इजाजत प्राप्त गरी प्रबन्धपत्रमा उल्लेख भएका अरू उद्योग, कृषि र वाणिज्य सम्बन्धी व्यवसाय चलाउने, र

(ख) यो ऐन अन्तर्गत कर्पोरेशनले गर्नुपर्ने कर्तव्यहरूको पालन तथा गर्न पाउने अधिकारहरूको प्रयोग र यस ऐनका उद्देश्यहरूलाई कार्यान्वित गर्न आवश्यक परेका आनुशांगिक एवं आकस्मिक सबै कानूनी काम कुराहरू गर्ने ।

## परिच्छेद–३

### डाइरेक्टरहरूको बोर्ड

१०. बोर्डको गठनः– बोर्डमा घटीमा २ जना र बढीमा ११ जना डाइरेक्टरहरू रहने छन् । बोर्डको प्रथम डाइरेक्टरहरू निम्नलिखित हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) श्री बी. के बिरला, र

(२) श्री एस. एन. हाडा ।

११. डाइरेक्टर हुन र रहन नपाउने अवस्थाः– निम्नलिखित कुनै एक वा बढी अवस्था भएको व्यक्ति डाइरेक्टरको पदमा नियुक्त हुन र कायम रहन अयोग्य हुनेछः–

(क) मगज बिग्रेको,

(ख) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(ग) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसूरदार प्रमाणित भै सो बापत ६ महीना भन्दा बढी कैदको सजाय पाएमा, र कैदको सजाय भोगिसकेको मितिले ५ वर्ष भुक्तान नभएकोमा,

तर कसूरदार प्रमाणित गरी भएको फैसला उपर परेको अपील टुङ्गो नलागेसम्म निज कसूरदार प्रमाणित भएको मानिने छैन, र

(घ) नियमावलीमा तोकिएको अयोग्यता भएको ।

१२. लाभको पद धारण गर्नमा प्रतिबन्धः– साधारण सभाको अनुमति विना कुनै डाइरेक्टरले कर्पोरेशनको तर्फबाट लाभको पद वा स्थान धारण वा प्राप्त गर्न हुँदैन ।

१३. ठेक्का पट्टा लिनमा प्रतिबन्धः– यो ऐन वा नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक डाइरेक्टरले कर्पोरेशनको कारोवारको सम्बन्धमा कर्पोरेशनसंग कुनै ठेक्का पट्टा लिन हुँदैन ।

१४. डाइरेक्टर र मेनेजरहरूको रजिष्टरः– कर्पोरेशनले आफ्ना डाइरेक्टर र मेनेजरहरूको एक रजिष्टर आफ्नो अफिसमा राख्नु पर्छ ।

## परिच्छेद–४

## बोर्डको सामान्य अधिकार

१५. बोर्डको सामान्य अधिकारः– कर्पोरेशनले साधारण सभामा ठहर भए बमोजिम गर्नुपर्ने गरी यो ऐनमा वा नियमावलीमा स्पष्ट रूपबाट लेखिए बाहेकका कर्पोरेशनले पाएको सबै अधिकारको प्रयोग गर्न र अरू काम कुराहरू गर्न बोर्डले पाउने छ। त्यसरी अधिकार प्रयोग गर्दा र अरू काम कुरा गर्दा बोर्डले यो ऐन र नियमावलीमा लेखिएका कुराहरूको अधीनमा रही गर्नुपर्छ ।

१६. कमिटी गठन गर्ने र अधिकार सुम्पने अधिकारः– बोर्डले समय समयमा आफ्ना एक वा एकभन्दा बढी डाइरेक्टर र कर्पोरेशनका अरू अफिसरहरू भएको कमिटीहरू आफूले उचित देखे बमोजिम गठन गर्न र तिनीहरूलाई आफ्ना कुनै अधिकार सुम्पन र समय समयमा त्यसरी सुम्पिएको अधिकार फिर्ता लिन सक्ने छ। त्यसरी गठन गरिएको कुनै कमिटीले त्यसरी आफूलाई सुम्पिएको अधिकारहरूको प्रयोग नियमावली बमोजिम गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. बोर्डको बैठक बोलाईमात्र प्रयोग गर्न पाउने अधिकारहरू:– बोर्डले निम्नलिखित अधिकारहरू प्रयोग गर्दा बोर्डको बैठक बोलाई म्यानेजिङ एजेण्टस् रहेको अवस्थामा म्यानेजिङ एजेण्टस्संग छलफल गरी सो बैठकबाट प्रस्ताव पास गराई गर्नु पर्छ:–

(क) शेयरहरूको चुक्ता हुन बाँकी रुपैयाँको चुक्ता माग्ने अधिकार,

(ख) डिबेञ्चरहरू निष्काशन गर्न पाउने अधिकार,

(ग) डिबेञ्चरको अतिरिक्त अरू प्रकारबाट रुपैयाँ ऋण लिने अधिकार,

(घ) कर्पोरेशनको कोष लगानी गर्ने अधिकार, र

(ङ) ऋणहरू दिने अधिकार ।

१८. बोर्डको अधिकारमा हद बन्देज:– साधारण सभामा शेयर होल्डरहरूको मञ्जूरी नलिई बोर्डले निम्नलिखित अधिकारहरू प्रयोग गर्न पाउने छैन:–

(क) कर्पोरेशनको कारोवार जम्मै वा वस्तुतः जम्मै बेच बिखन गर्ने,

(ख) कर्पोरेशनको कारोवार वा कर्पोरेशनका कर्मचारीहरूको कल्याणकारी कार्यसंग प्रत्यक्ष सम्बन्ध नभएको कुनै वैध संस्थासमेत अरू कोषहरूलाई ने.रू. १,००,००० एक लाख वा कर्पोरेशनको अघिल्लो आर्थिक वर्षको मुनाफाको ५ पाँच प्रतिशत जुन बढी हुन्छ त्यति रकम चन्दा दिने ।

(ग) कुनै डाइरेक्टर, निजका नातेदार वा साझेदारलाई वा तिनीहरूको तर्फबाट ऋण दिने वा ग्यारेण्टी दिने ।

## परिच्छेद–५

### माइन्यूटहरू

१९. माइन्यूटहरू बनाउने:– बोर्डले सबै साधारण सभाहरू, बोर्डको बैठकहरू र कमिटीको बैठकहरूको माइन्यूटहरू सो कामको निमित्त राखिएको किताबमा जनाउने व्यवस्था नियमावली बमोजिम गर्नुपर्छ । कर्पोरेशनको साधारण सभा वा बोर्ड वा कमिटीको बैठकको वा त्यसपछि हुने बैठकको अध्यक्षको निस्सा परेको छ भने ती माइन्यूटहरूमा लेखिएका कुराहरू पक्का प्रमाण हुनेछ ।

२०. सदस्यहरूद्वारा निरीक्षण:– कर्पोरेशनले साधारण सभाको माइन्यूट किताबलाई अफिस-को समय जुनसुकै बखत कुनै पनि सदस्यले निरीक्षण गर्न सक्ने गरी खुला राख्नु पर्छ ।

## परिच्छेद–६

### मैनेजिङ्ग एजेण्टहरू

२१. कर्पोरेशनले मैनेजिङ्ग एजेण्टहरू नियुक्त गर्ने:– (१) कर्पोरेशनले समय समयमा आफ्नो कारोवारको व्यवस्थाको निमित्त कुनै व्यक्ति वा फर्म वा कम्पनीलाई निज र कर्पो-रेशनको बीचमा आपसमा हुने सम्झौता अनुसारको शर्त र बन्देजहरूमा श्री ५ को सरकारको सम्बन्धित विभागको स्वीकृति लिई मैनेजिङ्ग एजेण्ट वा एजेण्टहरू नियुक्त गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सक्ने छ । तर त्यस्तो सम्झौता यस ऐन र नियमावलीमा लेखिएका कुराहरूको विपरीत शर्त र बन्देज तोकी गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिडला कम्पनी वा निजहरूद्वारा मनोनीत व्यक्तिहरू कर्पोरेशनको प्रथम मैनेजिङ्ग एजेण्ट हुनेछन् ।

२२. पदावधिः– मैनेजिङ्ग एजेण्टहरू नियुक्तिको मितिले २० वर्षको अवधिसम्म सो पदमा बहाल रहने छन् ।

तर यो ऐन र यस अन्तर्गत बनेका नियमावलीका अधीनमा रही आपसी सम्झौताद्वारा उक्त अवधि पछि पनि श्री ५ को सरकारको सम्बन्धित विभागको स्वीकृतिलिई नियुक्ति नवीकरण गर्न सकिने छ ।

२३. मैनेजिङ्ग एजेण्टहरूलाई हटाउनेः– मैनेजिङ्ग एजेण्टहरूलाई यस अघि उल्लेख गरिएको पदावधि भर वा पदावधि बढाइएकोमा सो अवधि भर पनि निम्नलिखित अवस्थामा बाहेक निजहरूको पदबाट हटाइने छैन––

(क) गम्भीर खराब आचरणको दोषी भएमा र यसको निमित्त रीत पूर्वक बोलाई सञ्चालन गरिएको साधारण वा असाधारण सभामा साधारण शेयरमा जम्मा मतदान शक्तिको तीन खण्डको दुई खण्ड मतदान शक्ति धारण गर्ने व्यक्तिहरूले आफै वा प्रतिनिधिद्वारा प्रस्ताव पास गरेमा र सो प्रस्ताव श्री ५ को सरकारको सम्बन्धित विभागबाट स्वीकृत भएमा,

(ख) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेमा, वा यस कर्पोरेशनको हित र मर्यादाको विरूद्ध काम गरेको कसूरमा सजाय पाएमा र त्यस सम्बन्धमा श्री ५ को सरकारको सम्बन्धित विभागलाई प्रामाणिक सूचनाप्राप्त भई श्री ५ को सरकारको सम्बन्धित विभागबाट मैनेजिङ्ग एजेण्ट हटाउने निर्णय गरेमा ।

२४. हटाइएमा मैनेजिङ्ग एजेण्टलाई दिनुपर्ने क्षतिपूर्तिः– दफा २३ को खण्ड (ख) बाहेक कुनै बखत मैनेजिङ्ग एजेण्टलाई निजहरूको पदबाट हटाउने गरी निर्णय भएमा निजहरूलाई नियमावलीमा तोकिए बमोजिम क्षतिपूर्ति दिइने छ । तर राजीनामा गरेको खण्डमा वा उक्त दफाको खण्ड (ख) अन्तर्गत हटाइएकोमा कुनै क्षतिपूर्ति दिइने छैन ।

## परिच्छेद––७

## प्रारम्भिक सभा

२५ प्रारम्भिकसभाः– दफा ३ अन्तर्गत कर्पोरेशन संस्थापन भएपछि कर्पोरेशनले आफ्नो व्यवसाय प्रारम्भ गरेको मितिले ६ महीनाको अवधि वा प्रारम्भिक शेयर पूंजीको ३ खण्डको १ खण्ड मूल्यको शेयर बटवारा भै मूल्य उठती भएको मितिले १५ दिनको अवधि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्ये जुन पछिल्लो हुन्छ सो अवधिभित्र कर्पोरेशनले सदस्यहरूको एक साधारण सभा गर्नुपर्छ, जसलाई प्रारम्भिक सभा भनिनेछ । सो सभामा शेयर होल्डरहरूको मञ्जूरीको निमित्त कर्पोरेशनको कारोवारको प्रारम्भिक रिपोर्ट शेयर होल्डरहरूको सामुन्ने कर्पोरेशनले पेश गर्नुपर्छ ।

## परिच्छेद–८

### साधारण सभा

२६. साधारण सभा गर्ने समयः–दफा ३ अन्तर्गत कर्पोरेशन संस्थापन भएको मितिले १८ महीनाभित्र कर्पोरेशनले आफ्नो एक साधारण सभा नियमावलीमा उल्लेख गरे बमोजिम गर्नुपर्छ । जसलाई यसको वार्षिक साधारण सभा भनिनेछ र त्यसपछि एक वार्षिक साधारण सभा भएको मिति र अर्को वार्षिक साधारण सभा भएको मिति बीचको अवधि २५ महीनाभन्दा बढी हुनहुँदैन । साधारण सभाको काम र कार्यविधि नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–९

### शेयरहरू

२७. कर्पोरेशनले शेयरहरू खरीद गर्न नपाउनेः– कर्पोरेशनको पूंजीको आनुशांगिक कमीमा असर परेमा र साधारण सभाबाट स्वीकृति भएमा बाहेक कर्पोरेशनको कोषको कुनै रकमबाट कर्पोरेशनको आफ्नै शेयरहरू खरीद गर्न वा आफ्नै शेयरहरूको जमानत (सिक्योरिटी) मा ऋण दिनु हुंदैन ।

तर यस दफामा लेखिएको कुनै कुराले यो ऐन बमोजिम आफूले निकालेको कुनै शेयर नियमावली बमोजिम विमोचन गर्ने कर्पोरेशनको अधिकारमा असर पार्नेछैन ।

२८. शेयर होल्डरहरूको विरुद्ध कर्पोरेशनले गरेको कारवाइमा सबूद प्रमाणः–कुनै शेयर होल्डर वा निजको प्रतिनिधिको विरुद्ध कर्पोरेशनले निजको शेयरको सम्बन्धमा कर्पोरेशनले निजसंग लिनुपर्ने भनी दाबी गरेको कुनै ऋणको रकम या बांकी लागेको भनी दावी गरेको रकम असूल उपर गर्न चलाएको वा दायर गरेको मुद्दाको पुर्पक्ष र सुनुवाइमा विपक्षीको नाम जुन शेयरको सम्बन्धमा सो दाबी गरिएको छ सो शेयरको धनी वा सो शेयर धनीहरू मध्ये एकजनाको हैसियतमा कर्पोरेशनको रजिष्टरमा दर्ता भएको छ भने वा उक्त दाबी गर्दाको समय सो रजिष्टरमा दर्ता थियो भन्ने र उक्त दावी गरिएको रकम भुक्तानी भएको भनी कर्पोरेशनको किताबमा जनिएको छैन भन्ने प्रमाणित गर्न पर्याप्त हुनेछ । कल गर्ने बोर्डको नियुक्ति प्रमाणित गर्न वा कल गरिएको बोर्डमा डाइरेक्टरहरूको कोरम पुगेको थियो भन्ने वा कल गरिएको बैठक रीतपूर्वक बोलाइएको वा गठन गरिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

थियो भन्ने वा त्यस्तै अरू कुराहरू प्रमाणित गरिरहन् पर्नेछैन तर ती कुराहरूको प्रमाण उक्त ऋण बांकी सांचो हो भन्ने कुराको निमित्त अन्तिम प्रमाण हुनेछ।

२९. शेयर जफत गर्न सकिने:–नियमावली बमोजिम भुक्तानी नगरी बांकी राखेको जुनसुकै बखत तत्सम्बन्धी शेयर वा शेयरहरूलाई बोर्डबाट पास भएको प्रस्ताब बमोजिम जफत गर्न सकिनेछ। त्यस्तो शेयर वा शेयरहरू जफत गर्दा सो शेयर वा शेयरहरूको सम्बन्धमा घोषित भएका तर जफत हुनुभन्दा अगावै भुक्तानी नभएका सबै लाभांशहरू समेत समावेश गरिनेछ।

३०. शेयर माथि कर्पोरेशनको लियन:–कुनै सदस्यले कर्पोरेशनलाई तत्कालै भुक्तानी गर्नुपर्ने वा निश्चित समयहरूमा भुक्तानी गर्नुपर्ने वा कलको भुक्तानी गर्नुपनसमेत सबै रुपैयां तत्कालै भुक्तानी गर्नुपर्ने वा नपर्ने जेभएता पनि र प्रत्येक सदस्यको नाममा रजिष्टर भएका सबै शेयरहरू, कुनै सदस्यको एकलौटी वा अरूसंग संयुक्त रूपले फाइदाको हक भएका सबै शेयरहरू र त्यसको विक्रीबाट आउने सबै रुपैयां उपर त्यस्तो सदस्यको कर्पोरेशनप्रतिको भएको ऋण, इन्गेज्मेंट वा दायित्वहरू बापत त्यसको भुक्तानी गर्नुपर्ने मिति तत्काल पुगेको वा नपुगेको जेभएता पनि श्री ५ को सरकार र सहकारी संस्थाको बांकी पछि कर्पोरेशनको सबैभन्दा पहिलो लियन रहनेछ र त्यस्तो शेयरहरूको सम्बन्धमा समय समयमा घोषित गरिने सबै लाभांशहरू उपर पनि कर्पोरेशनको लियन रहनेछ। त्यस्तो कुनै शेयरहरू अरू व्यक्तिको नाममा नामसारी गरी रजिष्टर गरिएमा सो शेयर उपर नामसारी रजिष्टर हुन अगाडि कर्पोरेशनको कुनै लियन रहेको भए सो लियन सो नामसारीको हदसम्म कर्पोरेशनले परित्याग गरेको मानिनेछ।

३१. विक्रीद्वारा लिनय लागू गर्ने:–त्यस्तो लियन लागू गर्ने प्रयोजनको लागि बोर्डले आफूले उपयुक्त देखे बमोजिम आफ्नो लियन भएका शेयरहरू विक्री गर्न सक्नेछ, तर कर्पोरेशनको बांकी जुन रकम बापत सो शेयर उपर लियन रहेको छ सो रकम भुक्तानी गर्ने म्याद नपुगेसम्म र त्यसरी विक्री गर्ने मनसायको लिखित सूचना त्यस्तो सदस्यहरू, निजको प्रवन्ध कर्ता (एड्मिनिष्ट्रेटर) वा इच्छापत्रको प्रबन्ध कर्ता (इक्सेक्यूटर), निजको कमिटी क्यूरेटर बोनिस वा अरू कानूनी क्यूरेटर छेउ नपठाएसम्म र त्यस्तो सूचनाको मितिले १४ दिनसम्ममा पनि त्यस्तो शेयरको सम्बन्धमा गरिएको कलको रकम वा निश्चित समयहरूमा भुक्तानी गर्नुपर्ने रकम भुक्तानी नगरी त्यस्तो सदस्य वा सदस्यहरूले बांकी नराखेसम्म सो शेयर वा शेयरहरू विक्री गर्न सकिनेछैन।

३२. विक्रीबाट उठेको रकमबाट भर्ना गर्ने:–त्यस्ता शेयरको विक्रीबाट उठेको रकममध्येबाट त्यस्तो सदस्यको त्यस्तो शेयरको सम्बन्धमा भुक्तानी गर्नुपर्ने कलको रकम वा निश्चित समयहरूमा भुक्तानी गर्नुपर्ने किस्ता रकम बापत भर्ना गरिनेछ र त्यसबाट पनि रकम बचत हुन आएमा, त्यस्तो शेयरहरूबापत तत्काल भुक्तानी गर्नुपर्ने नभए तापनि पछि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नुपर्ने कुनै रकम भए सो बापत सो बचत रकममा सोही बमोजिम रहने लियनको अधीनमा रही सो बचत रकम त्यस्तो सदस्य, निजको प्रबन्धकर्ता वा निजको इच्छापत्रको प्रबन्धकर्ता, कमिटी क्यूरेटर बोनिस वा अरू प्रतिनिधिहरूलाई बुझाइदिनुपर्छ।

३३. बिक्रीको मान्यता:–यस अधिका दफाहरू अन्तर्गत अधिकार प्रयोग गरेको भन्ने सम्झी जफत गरी वा लियन लागू गर्न कुनै शेयर बिक्री गरिएपछि बोर्डले त्यसरी बिक्री गरिएको शेयरहरूको नामसारीको लिखत गराउनु कुनै व्यक्तिलाई नियुक्ति गर्न र खरीद गरी लिने व्यक्तिको नाममा सो शेयर रजिष्टर गराउन सक्नेछ। त्यसरी खरीद गरी लिने व्यक्तिले सो कारवाइहरू नियमित रूपमा भएको नभएको हेरिरहन कर लाग्नेछैन। त्यस्तो शेयर निजको नाममा रजिष्टर गरिएपछि सो बिक्रीको मान्यता बारे कुनै व्यक्तिले प्रश्न उठाउन पाउनेछैन। सो बिक्रीबाट मर्का पर्ने व्यक्तिले कर्पोरेशनको विरुद्ध आफ्नो नोक्सानीको भरी भराउ गराईमाग्नसम्म पाउनेछ।

## परिच्छेद–१०

## हिसाब किताब

३४. हिसाब किताब राख्ने:–बोर्ड वा मैनेजिंग एजेंटहरूले कर्पोरेशनको कारोबारको वास्तविक र दुरुस्त स्थिति देखिने गरी अंग्रेजी र नेपालीमा आवश्यक हिसाब किताबहरू र अरू लिखतहरू राख्न लगाउनु पर्छ।

३५. हिसाब किताब राख्ने स्थान:–हिसाब किताबहरू कर्पोरेशनको प्रधान अफिसमा वा श्री ५ को सरकारको सम्बन्धित विभागबाट स्वीकृत अरू स्थानमा राख्नुपर्छ र कामको समय डाइरेक्टरहरूबाट निरीक्षण हुन सकिने गरी खुला राख्नुपर्छ। त्यस्तो किताबहरू अफिसबाट हटाउंदा सो हटाउनु परेको कारणहरूको रीतपूर्वकको सूचना श्री ५ को सरकारको सम्बन्धित विभागछेउ पठाउनुपर्छ।

३६. सदस्यहरूबाट निरीक्षण:–डाइरेक्टर बाहेक अरू कुनै सदस्यले यो ऐन बमोजिम वा कर्पोरेशनको साधारण सभाले अख्तियार दिएमा बाहेक कर्पोरेशनको कुनै हिसाब किताब र अरू लिखत निरीक्षण गर्न पाउनेछैन।

३७. लाभ हानिको खाता र बैलेन्स सिट:– (१) प्रत्येक वर्ष वार्षिक साधारण सभामा बोर्डले सो साधारण सभा भएका मितिले ९ महीना वा सोभन्दा अघिको मितिसम्मको र कर्पोरेशनको नेपाल बाहिर आफ्नो कारोबार वा सरोकार भएकोमा १२ महीना वा सोभन्दा अघिको मितिसम्मको तयार गरिएको बैलेन्स सिट र लाभ हानिको खाता पेश गर्नुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रथम वार्षिक साधारण सभामा त्यस्तो लाभ हानिको खाता पेश गर्दा कर्पोरेशन संस्थापन भएदेखि साधारण सभा भएका मितिले ९ महीना वा सोभन्दा अधिको मितिसम्मको र कर्पोरेशनको नेपाल बाहिर आफ्नो कारोबार वा सरोकार भएकोमा १२ महीना वा सोभन्दा अधिको मितिसम्मको तयार गरी पेश गर्नुपर्छ।

(३) कर्पोरेशनको आर्थिक साल मैनेजिंग एजेण्टहरूको सुझावमा बोर्डले स्वीकृति दिए बमोजिम हुनेछ।

(४) कर्पोरेशनको हिसाब किताब, अरू किताब र रेकर्डहरू मैनेजिंग एजेंटहरूको सुझावमा बोर्डले निर्णय गरे बमोजिम अंग्रेजी वा नेपाली भाषामा राखिनेछ।

(५) बैलेन्स सिट र लाभ हानिको खाताको साथमा लेखा परीक्षकहरूको रिपोर्ट (यो ऐन बमोजिम तयार गर्नुपर्ने) पनि नत्थी गरिनेछ वा पुछारमा त्यस्तो रिपोर्टको उल्लेख गरिनेछ र रिपोर्ट कर्पोरेशनको साधारण सभामा पढेर सुनाइनेछ र कुनै शेयर होल्डरले निरीक्षण गर्न पाउने गरी खुला राखिनेछ।

३८. सदस्यहरूलाई प्रतिलिपि पठाउने:– लेखा परीक्षकहरूद्वारा लेखा परीक्षण भएका त्यस्ता बैलेन्स सिट र लाभ हानिको खाताको एक एक छापिएको प्रतिलिपि र त्यसको साथमा लेखा परीक्षकहरूको र बोर्डको रिपोर्ट राखी साधारण सभा हुने मितिले कमसेकम ७ दिन अगावै कर्पोरेशनका प्रत्येक सदस्य, कर्पोरेशनले निष्काशित गरेका डिबेंचरहरू (लिई आउनेको हातमा भुक्तानी गरिने डिबेंचर होइन) को प्रत्येक धनी, कर्पोरेशनले निष्काशित गरेको डिबेञ्चर धनीको प्रत्येक ट्रष्टी (त्यस्तो सदस्य, डिबेञ्चर होल्डर वा ट्रष्टीहरूको निजहरूलाई पठाइएको कर्पोरेशनको साधारण सभाको सूचना पाउने हक भए वा नभए तापनि) र त्यस्तो सदस्य, डिबेञ्चर होल्डर वा ट्रष्टी बाहेकका त्यस्तो सूचना पाउने हक भएका अरू सबै व्यक्तिहरूकहां पठाउनुपर्छ।

३९. बैलेन्स सिटको प्रतिलिपि दाखिल गर्ने:–बैलेन्स सिट र लाभ हानीको खाता कर्पोरेशनको साधारण सभामा पेश भैसकेपछि त्यसको एक प्रतिलिपिमा मैनेजिंग एजेंटहरू, कर्पोरेशनको ~~साधारण सभामा पेश भैसकेपछि त्यसको एक प्रतिलिपिमा मैनेजिंग एजेंटहरू,~~ कर्पोरेशनको सेक्रेटरी र कमसेकम दुईजना डाइरेक्टरहरूले दस्तखत गरी त्यसको साथमा सदस्यहरूको लिष्टको एकप्रति राखी श्री ५ को सरकारको सम्बन्धित विभागमा दाखिल गर्नुपर्छ।

४०. हिसाब किताबहरू सालसालै लेखा परीक्षण गराउनुपर्ने:–प्रत्येक साल कमसेकम एक पटक कर्पोरेशनको हिसाबहरू एक वा एकभन्दा बढी लेखा परीक्षकहरूले जांची बैलेन्स सिट र लाभ हानिको खाता दुरुस्त भए नभएको निश्चित गर्नेछ। त्यस्तो लेखा परीक्षकले श्री ५ को सरकारको सम्बन्धित विभागबाट लेखा परीक्षकको प्रमाणपत्र प्राप्त गरिसकेको हुनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१. लेखापरीक्षकहरूको कर्तव्य र अधिकारः– (१) कर्पोरेशनका प्रत्येक लेखापरीक्षकले जुनसुकै बखत कर्पोरेशनको हिसाब, किताब अरू किताब र भाउचरहरू हेर्न पाउनेछ र आफ्नो कर्तव्यको पालनको निमित्त आवश्यक भएका सूचना र स्पष्टीकरण कर्पोरेशनका डाइरेक्टर र अरू अधिकारीहरूबाट माग्न पाउनेछ।

(२) लेखापरीक्षकहरूले आफूले परीक्षण गरेको हिसाबहरूमा प्रत्येक बैलेन्स सिट र लाभ हानिको खातामा र निजहरूको पदावधिभित्र कर्पोरेशनको साधारण सभामा पेश गरिने धेरै अरू लिखतहरूमा आफ्नो रिपोर्टहरू दिनेछ। त्यस्तो रिपोर्टमा देहायका कुराहरूको उल्लेख गरिनेछः–

(क) निजहरूले मागे बमोजिमको सबै सूचना र स्पष्टीकरणहरू निजहरूले पाएको छ छैन,

(ख) निजहरूको रायमा उक्त रिपोर्टमा उल्लेख गरिएको बैलेन्स सिट र लाभ हानिको खाता प्रचलित व्यवहारसंग मिल्ने गरी तयार गरिएको छ छैन,

(ग) त्यस्तो बैलेन्स सिट र लाभ हानिको खाता कर्पोरेशनको हिसाब किताबहरूसंग मिलान खान्छ खांदैन र कर्पोरेशनको वास्तविक र दुरुस्त स्थिति देखिने गरी तयार गरिएको छ छैन,

(घ) निजहरूको रायमा कर्पोरेशनले रीतपूर्वकको हिसाब किताबहरू राखेको छ छैन, र

(ङ) कुनै गैरकानूनी काम गरिएको छ छैन, बोर्ड, मैनेजिंग एजेण्ट वा कर्पोरेशनका अरू कुनै व्यक्तिले अनुचित काम गरेको छ छैन।

(३) लेखा परीक्षकहरूले परीक्षण गरी रिपोर्ट दिएका हिसाबहरू पेश हुने साधारण सभाको सूचना पाउने र सो सभामा उपस्थित हुने निजहरूको हक हुनेछ। त्यस्तो सभामा निजहरूले आफूले परीक्षण गरेका हिसाबहरूको सम्बन्धमा मागिए बमोजिमका सबै सूचनाहरू दिनुपर्छ।

४२. हिसाबको काम टुङ्गिने अवस्थाः–कर्पोरेशनको प्रत्येक हिसाब लेखापरीक्षणभै साधारण सभाले स्वीकृति दिएपछि ३ महीनाभित्र कुनै त्रुटी फेलापरेमा बाहेक अन्तिम हुनेछ। उक्त ३ महीनाको अवधिभित्र कुनै त्रुटी फेलापरेमा सो त्रुटी सच्याएपछि सो हिसाब अन्तिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–११

### विघटन

४३. विघटनः–कर्पोरेशन आफ्नो स्वेच्छाले वा अदालत वा अदालतबाट सो कामको लागि गठित ट्राइब्यूनलद्वारा खारेज हुन सक्नेछ । खारेजी सम्बन्धी कारवाइहरू नियमावलीमा लेखिए बमोजिम हुनेछ ।

४४. अदालतका आदेशले विघटन हुने अवस्थाः– देहायका अवस्थामा अदालतका आदेशले कर्पोरेशनलाई विघटन गर्न सकिनेछः–

(क) कर्पोरेशलाई अदालतबाट विघटन गराउने गरी कर्पोरेशनले विशेष प्रस्तावद्वारा निर्णय गरेमा, वा

(ख) कर्पोरेशन आफ्नो ऋण तिर्न असमर्थ भएमा ।

४५. स्वेच्छाले विघटन हुने अवस्थाः–कर्पोरेशनलाई विघटन गर्नुपर्छ भनी कर्पोरेशनले विशेष प्रस्ताव पास गरेमा कर्पोरेशन स्वेच्छाले विघटन हुन सक्नेछ ।

## परिच्छेद–१२

### विविध

४६. दण्ड सजायः–यो ऐन वा नियमावलीमा लेखिए विपरीत कुनै काम कुरा गरेमा कर्पोरेशन-लाई ने.रू. १ एकदेखि ने.रू. ५०० पांचसयसम्म कसूर हेरी जरिवाना हुनसक्नेछ ।

४७. फी दस्तूरः–प्रमाणपत्र दिंदा नामसारी गर्दा कागजपत्रहरू हेर्न दिंदा फी दस्तूरहरू नियमावलीमा तोकिए बमोजिम कर्पोरेशनले लिन पाउनेछ ।

४८. कर्पोरेशनको काम काज जांच पडताल गराउने श्री ५ को सरकारको सम्बन्धित विभागको अधिकारः–देहायको अवस्थामा श्री ५ को सरकारको संबन्धित विभागले कर्पोरेशनको काम कारवाइ हेर्न तथा जांच्न जांचकी खटाउन सक्नेछः–

(क) कर्पोरेशनको कारवाइ बेठीक भएको प्रमाणित खबर कतैबाट प्राप्त भएमा,

(ख) सदस्यहरूले श्री ५ को सरकारको सम्बन्धित विभागबाट जंचाउने गरी साधारण वा असाधारण सभामा प्रस्ताव पास गरेमा,

(ग) श्री ५ को सरकारको सम्बन्धित विभागबाट कैफियत तलब गरेका कुराहरूको जवाफ तोकिएको अवधिभित्र नदिएमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९. शाखा तथा एजेंटहरू:—कर्पोरेशनले नेपाल बाहिर पनि शाखा खोल्न र एजेण्टहरू मुकरर गर्न सक्नेछ र यसरी नियुक्त भएका एजेण्टहरूलाई एजेन्सी बापत मेहनताना र कमिशन पनि कर्पोरेशनले दिन र पठाउन पाउनेछ।

५०. नियमावली बनाउने अधिकार:—यो ऐनमा स्पष्ट व्यवस्था नगरिएका तर यो ऐनको उद्देश्यहरू कार्यान्वित गर्न आवश्यक भएका अरू काम कुरा र कार्यविधिहरूको व्यवस्था गर्न कर्पोरेशनले साधारण सभाको साधारण प्रस्तावद्वारा स्वीकृत गराई नियमावलीहरू बनाउन सक्नेछ तर श्री ५ को सरकारको संबन्धित विभागबाट स्वीकृत नभै ती नियमावलीहरू लागू हुनेछैन ।

तर प्रथम नियमावली दफा १० अन्तर्गत मनोनीत प्रथम डाइरेक्टरहरूले बनाई श्री ५ को सरकारको संबन्धित विभागमा पेश गर्नेछ र सो विभागबाट स्वीकृति भएपछि लागू हुनेछ। यस नियमावलीमा संशोधन कर्पोरेशनको ५१ प्रतिशत वा बढी शेयर पूंजी भएका सदस्यहरूको स्वीकृति भएको प्रस्तावलेमात्र हुन सक्नेछ। तर श्री ५ को सरकारको सम्बन्धित विभागको स्वीकृतिविना सो संशोधन लागू हुनेछैन ।

५१. यो ऐन र नियमावली बमोजिम हुने:—प्रचलित नेपालका ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन र नियमावलीमा लेखिएका कुराहरूमा सोही बमोजिम हुनेछ ।

५२. बचाउ:—नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) बमोजिम यो ऐन निष्कृय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानिई यो ऐन अन्तर्गत भए गरेका कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

इति संवत् २०१९ साल गते रोज शुभम्। — — — —

लालमोहर सदर मितिः २०१९।१।२८।५.

आज्ञाले—
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव,
कानून तथा न्याय मन्त्रालय ।

मुद्रण विभाग

गोरखापत्र छापाखानामा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।